महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(वार्षिक प्रतिवेदन शाखा)
रामशाहपथ काठमाडौं

पत्र संख्या :- ०७७।७८
चलानी नं. :- ९०३८

मिति :- २०७८।०३।०८

विषय: विवरण पठाइदिने सम्बन्धमा ।

उच्च सरकारी वकील कार्यालय, सवै ।

उपर्युक्त सम्बन्धमा मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुबाट आ. व. २०७७/०७८ मा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम वेरीतको आदेश वदर गर्ने निवेदनको मस्यौदा गरी तहाँ उच्च सरकारी वकील कार्यालयमा प्राप्त भएको निवेदनको संख्या जिल्लागत रुपमा देहायको बमोजिमको ढाँचामा तयारी गरी पठाइदिनु हुन अनुरोध छ । प्रस्तुत फाराम बमोजिमको विवरण तहाँ कार्यालयको वार्षिक प्रतिवेदनसँगै पठाउनु हुन अनुरोध छ ।

| क्र.स | जिल्ला सरकारी वकील कार्यालय | दफा ७३ बमोजिमको निवेदन संख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

E:\annual reports\A R report 2076.77\पत्रचार.doc

# महान्यायाधिवक्ताको कार्यालय

(वार्षिक प्रतिवेदन शाखा)

रामशाहपथ काठमाडौं

पत्र संख्या :- ०७७।७८

चलानी नं. :- १०३६

मिति :२०७८।०३।०८

विषयः विवरण पठाइदिने सम्बन्धमा ।

उच्च सरकारी वकील कार्यालय, सबै ।

माननीय महान्यायाधिवक्ताज्यूबाट राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम अनुसन्धान भएका मुद्दामा अभियोजन सम्बन्धी कार्य गर्ने गरी नेपाल राजपत्र, वैशाख १३ गते, २०७८ साल, खण्ड ७१, संख्या २ मा प्रकाशति सूचना अनुसार उच्च सरकारी वकील कार्यालयलाई अधिकार प्रत्यायोजन भएको विदितै छ । सो बमोजिम राजश्व चुहावट सम्बन्धी मुद्दामा हुने अभियोजन सम्बन्धी सुरु कारवाहीको विवरण महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा समावेश गर्नको लागि उच्च सरकारी वकील कार्यालयको लागि पूर्व निर्धारित मासिक तथा वार्षिक प्रतिवेदनको फाराम नं. १ देखि ११ सम्मका फारामहरुमा फाराम नं. ३क यस कार्यालयको मिति २०७८।०३।०७ को निर्णयबाट थप गरिएको छ । पत्रसाथ संलग्न उक्त फाराम नं. ३क समेत मासिक तथा वार्षिक प्रतिवेदनमा संलग्न गरी नियमानुसार प्रतिवेदन पठाउनु हुन अनुरोध छ ।

(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०११, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np
E:\annual reports\A R report 2076.77\पत्रचार.doc

# महान्यायाधिवक्ताको कार्यालय

(वार्षिक प्रतिवेदन शाखा)

पत्र संख्या :- ०७७।७८

चलानी नं. :- ९०३६

रामशाहपथ काठमाडौं

मिति :- २०७८/०३/०८


**विषयः मासिक तथा वार्षिक प्रतिवेदनको फाराम सम्बन्धमा ।**

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालयहरु, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालयहरु, सबै ।

उपर्युक्त सम्बन्धमा यस कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुले सम्पादन गरेका काम कारवाहीहरुलाई मासिक तथा वार्षिक प्रतिवेदनका रुपमा पेश गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु निर्धारित गरेको विदितै छ। महान्यायाधिवक्ताको कार्यालयबाट उच्च सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ६ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), विशेष सरकारी वकील कार्यालयका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ७ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), जिल्ला सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि १५ (ती मध्ये फाराम नं १ देखि ११ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि १५ सम्म वार्षिक प्रतिवेदन) निर्धारण गरिएको छ। महान्यायाधिवक्ताको कार्यालयबाट तोकिएको ढाँचामा मासिक तथा वार्षिक प्रतिवेदनहरु तयार गरी सबै कार्यालयहरुले वार्षिक प्रतिवेदन साउन १५ गते भित्र र मासिक प्रतिवेदन ७ गते भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउन हुन अनुरोध छ। साथै, जिल्ला सरकारी वकील कार्यालयहरुले मासिक र वार्षिक प्रतिवेदन सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा समेत पठाउन अनुरोध छ । सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले मातहतका सरकारी वकील कार्यालयहरुबाट प्राप्त प्रतिवेदन नियमित आए नआएको र महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित ढाँचामा भए नभएको र तथ्यांक मेल खाए नखाएको समेत हेरी कुनै त्रुटि देखिएमा आवश्यक निर्देशन दन र प्राप्त प्रतिवेदनहरु व्यवस्थित गरी राख्न समेत अनुरोध गर्दछु। सबै कार्यालयहरुको लागि महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु यस कार्यालयको वेब साइटमा राखिएको छ। उल्लिखित फाराम भर्ने सम्बन्धमा कुनै समस्या वा जिज्ञासा भए देहायको नम्बरमा सम्पर्क राख्न समेत अनुरोध छ।

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी मोबाइल नं ९८४१३८४९९३
नायब सुब्बा श्री चन्दनकुमार ठाकुर मोबाइल नं ९८४४२७५१९१

(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता



E:\annual reports\A R report 2076.77\पत्रचार.doc